देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८३/८४ को तीन महिना (२०८३ असोजसम्म) को तथ्याङ्कमा आधारित

प्रमुख झलक

- वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ६.३७ प्रतिशत रहेको छ ।
- कुल विदेशी विनिमय सञ्चिति रु.४१६१ अर्ब १४ करोड रहेको छ । अमेरिकी डलरमा उक्त सञ्चिति २७ अर्ब ३९ करोड पुगेको छ । यस्तो सञ्चिति १७.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।
- चालु खाता रु.२७९ अर्ब ११ करोड र शोधनान्तर रु.३०३ अर्ब ७९ करोड बचतमा रहेको छ ।
- विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २७.२ प्रतिशतले र अमेरिकी डलरमा १६.७ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको असोज महिनाको विप्रेषण आप्रवाह रु.२६७ अर्ब ३४ करोड रहेको छ ।
- निर्यात ५७ प्रतिशतले र आयात ३८.२ प्रतिशतले बढेको छ ।
- नेपाल सरकारको खर्च रु.३९६ अर्ब २७ करोड र राजस्व परिचालन रु.२९८ अर्ब ६१ करोड रहको छ ।
- विस्तृत मुद्राप्रदाय ३.४ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १३.७ प्रतिशतले बढेको छ ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन २.८ प्रतिशतले बढेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा ३.१ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३.७ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ८.३ प्रतिशत रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत र ९१-दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर १.०१ प्रतिशत रहेको छ ।
- वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.०७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.३१ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग

२०८३ मङ्सिर ३

मुद्रास्फीति

उपभोक्ता मुद्रास्फीति

१. २०८३ असोज महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.४७ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ८.०४ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.४६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.५४ प्रतिशतले ऋणात्मक रहेको थियो भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.८० प्रतिशत रहेको थियो ।



२. आर्थिक वर्ष २०८३/८४ को तीन महिनाको औसत मुदास्फीति ६.२२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति १.६७ प्रतिशत रहेको थियो ।

३. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १६.४४ प्रतिशत, फलफूलको १५.४६ प्रतिशत, चिनी तथा चिनीजन्य पदार्थको ११.८४ प्रतिशत, माछा तथा मासुको ८.९१ प्रतिशत, मरमसलाको ७.७१ प्रतिशत र तरकारीको ७.२८ प्रतिशतले बढेको छ ।

४. गैर-खाद्य तथा सेवा समूहअन्तर्गत यातायात उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १२.९७ प्रतिशत, मदिराजन्य पेय पदार्थको ८.८३ प्रतिशत, कपडा तथा जुत्ताचप्पलको ७.०६ प्रतिशत, फर्निसिङ्ग तथा घरायसी उपकरणको ६.०१ प्रतिशत र सुर्तीजन्य पदार्थको ५.४५ प्रतिशतले बढेको छ ।

५. समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ६.६३ प्रतिशत र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ६.२८ प्रतिशतले बढेको छ ।

तालिका १ : वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति
(प्रतिशत)

विवरण	भाराङ्क	२०८२ असोज	२०८३ भदौ	२०८३ असोज
समग्र मुद्रास्फीति	**१००**	**१.४७**	**६.३४**	**६.३७**
खाद्य तथा पेय पदार्थ	३५.४९	-२.५४	७.५४	८.०४
गैर-खाद्य तथा सेवा	६४.५१	३.८०	५.६९	५.४६

६. प्रदेशगत रूपमा समीक्षा महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सवैभन्दा बढी मधेश प्रदेशको ७.३७ प्रतिशत र सवैभन्दा कम सुदूरपश्चिम प्रदेशको ५.१३ प्रतिशत रहेको छ ।

७. समीक्षा महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९२ प्रतिशत, तराईको ६.८८ प्रतिशत, पहाडको ६.१४ प्रतिशत र हिमालको ५.५७ प्रतिशत रहेको छ ।

थोक मुद्रास्फीति

८. २०८३ असोज महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ७.२९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.३२ प्रतिशत रहेको थियो ।

९. समीक्षा महिनामा उपभोग्य वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति २.८७ प्रतिशतले बढेको छ भने मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको वार्षिक विन्दुगत थोक मुद्रास्फीति क्रमशः ९.९८ प्रतिशत र ६.५६ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको वार्षिक विन्दुगत थोक मुद्रास्फीति ५.९३ प्रतिशतले बढेको छ ।

नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

१०. २०८३ असोज महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३७ प्रतिशत रहेको छ । सन् २०२६ अक्टोबर महिनामा भारतमा यस्तो मुद्रास्फीति ६.०९ प्रतिशत रहेको छ ।

तलब तथा ज्याला सूचकाङ्क

११. २०८३ को असोजमा वार्षिक विन्दुगत तलब तथा ज्याला सूचकाङ्क १०.७५ प्रतिशतले वृद्धि भएको छ । २०८२ को असोजमा यस्तो सूचकाङ्क ४.३५ प्रतिशतले वृद्धि भएको थियो ।

१२. प्रदेशगत रुपमा समीक्षा अवधिमा कोशी प्रदेशको वार्षिक विन्दुगत तलब तथा ज्याला सूचकाङ्कको वृद्धिदर १६.४२ प्रतिशत, मधेश प्रदेशको १६.९४ प्रतिशत, बागमती प्रदेशको १०.२१ प्रतिशत, गण्डकी प्रदेशको २.६६ प्रतिशत, लुम्बिनी प्रदेशको ७.२७ प्रतिशत, कर्णाली प्रदेशको ३.०४ प्रतिशत र सुदूरपश्चिम प्रदेशको १२.२९ प्रतिशत रहेको छ ।

बाह्य क्षेत्र

वैदेशिक व्यापार

१३. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा कुल वस्तु निर्यात ५७.० प्रतिशतले वृद्धि भई रु.११४ अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८९.६ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ६१.७ प्रतिशत, २५९.७ प्रतिशत र ३३.८ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा भटमासको तेल, पोलिष्टर धागो, पार्टिकल बोर्ड, जिंक शिट, पाम तेललगायतका वस्तुको निर्यात बढेको छ भने औषधी (आयुर्वेदिक), जडीबुटी, दाल, फलफूल, रुद्राक्षका दानाहरु लगायतका वस्तुको निर्यात घटेको छ ।



१४. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा कुल वस्तु आयात ३८.२ प्रतिशतले वृद्धि भई रु.६४६ अर्ब ७८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १९.८ प्रतिशतले वृद्धि भएको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ४१.७ प्रतिशत, २८.० प्रतिशत र ३९.७ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायात उपकरण र सवारी साधन तथा स्पेयर पार्टपुर्जा, रासायनिक मल, कच्चा भटमासको तेल, अन्य मेशिनरी तथा पार्टस्लगायतका वस्तुको आयात बढेको छ भने सुन, धान तथा चामल, हवाइजहाजका स्पेयर पार्टपुर्जा, चाँदी, फलफूललगायतका वस्तुको आयात घटेको छ ।

१५. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा कुल वस्तु व्यापार घाटा ३४.७ प्रतिशतले वृद्धि भई रु.५३२ अर्ब ४९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १२.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १७.७ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १५.५ प्रतिशत रहेको थियो ।

१६. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.६१ अर्ब ९३ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.४० अर्ब ७९ करोड बराबरको भएको थियो।

वैदेशिक व्यापारको संरचना

१७. बृहत् आर्थिक वर्गीकरणअनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ७१.० प्रतिशत, २८.९ प्रतिशत र ०.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ६९.० प्रतिशत, ३०.४ प्रतिशत र ०.६ प्रतिशत रहेको थियो।

१८. समीक्षा अवधिमा भएको कुल आयातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ४१.१ प्रतिशत, ४९.९ प्रतिशत र ९.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरू क्रमशः ३८.० प्रतिशत, ५३.३ प्रतिशत र ८.७ प्रतिशत रहेको थियो।

निर्यात-आयात मूल्य सूचकाङ्क

१९. वार्षिक विन्दुगत आधारमा २०८३ असोज महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्कमा (Unit Value Index) ७.२ प्रतिशतले वृद्धि भएको छ भने आयात मूल्य सूचकाङ्कमा १९.८ प्रतिशतले वृद्धि भएको छ। २०८३ असोज महिनामा व्यापारको सर्त (Terms of Trade) १०.५ प्रतिशतले घटेको छ।

सेवा

२०. समीक्षा अवधिमा खुद सेवा आय रु.१९ अर्ब ५५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.३२ अर्ब २७ करोडले घाटामा रहेको थियो।

२१. सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ३२.७ प्रतिशतले वृद्धि भई रु.२५ अर्ब ५२ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.१९ अर्ब २३ करोड रहेको थियो।

तालिका २: शोधनान्तर सम्बन्धी केही परिसूचकहरू (तीन महिना)

विवरण	रकम (रु.अर्बमा)		प्रतिशत परिवर्तन	
	२०८२/८३सं	२०८३/८४अ	२०८२/८३सं	२०८३/८४अ
भ्रमण आय	१९.२३	२५.५२	८.५	३२.७
भ्रमण व्यय	६४.५९	५४.४६	१६.४	-१५.७
शिक्षा	४२.९६	३६.६५	३३.३	-१४.७
विप्रेषण आप्रवाह	५५३.३१	७०३.७०	३५.४	२७.२
प्रत्यक्ष लगानी आप्रवाह (ईक्विटि मात्र)	१.७४	४.१४	-६३.८	१३७.६

सं-संशोधित अ-अनुमानित

२२. समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय १५.७ प्रतिशतले कमी भई रु.५४ अर्ब ४६ करोड कायम भएको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.३६ अर्ब ६५ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.६४ अर्ब ५९ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.४२ अर्ब ९६ करोड रहेको थियो।

विप्रेषण आप्रवाह

२३. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा विप्रेषण आप्रवाह २७.२ प्रतिशतले वृद्धि भई रु.७०३ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३५.४ प्रतिशतले बढेको थियो। २०८३ असोज महिनामा विप्रेषण आप्रवाह रु.२६७ अर्ब ३४ करोड रहको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु.२०१ अर्ब २२ करोड रहेको थियो।

२४. समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १६.७ प्रतिशतले वृद्धि भई ४ अर्ब ६० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २९.२ प्रतिशतले बढेको थियो।

२५. समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.७६२ अर्ब ९० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.६१० अर्ब ६१ करोड रहेको थियो।

२६. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या १,२१,८७९ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ८२,३६९ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः १,२३,४५९ र ७७,२५७ रहेको थियो ।

चालु खाता एवम् शोधनान्तर स्थिति

२७. समीक्षा अवधिमा चालु खाता रु.२७९ अर्ब ११ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.२३८ अर्बले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ६९ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब ८२ करोडले बचतमा रहेको छ ।

२८. समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु.२ अर्ब ३१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु.५ अर्ब ५५ करोड रहेको थियो । यसैगरी, समीक्षा अवधिमा रु.४ अर्ब १४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.१ अर्ब ७४ करोड रहेको थियो ।

२९. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.३०३ अर्ब ७९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.२६४ अर्ब ३ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ८८ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ९८ करोडले बचतमा रहेको छ ।

कुल विदेशी विनिमय सञ्चिति

३०. २०८३ असार मसान्तमा रु.३८९७ अर्ब ६७ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ६.८ प्रतिशतले वृद्धि भई २०८३ असोज मसान्तमा रु.४१६१ अर्ब १४ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८३ असार मसान्तमा २५ अर्ब ३१ करोड रहेकोमा २०८३ असोज मसान्तमा ८.२ प्रतिशतले वृद्धि भई २७ अर्ब ३९ करोड पुगेको छ ।

चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति
(असोज मसान्त)



३१. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८३ असार मसान्तमा रु.३४७३ अर्ब १९ करोड रहेकोमा २०८३ असोज मसान्तमा ६.४ प्रतिशतले वृद्धि भई रु.३६९५ अर्ब २४ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८३ असार मसान्तमा रु.४२४ अर्ब ४८ करोड रहेकोमा २०८३ असोज मसान्तमा ९.८ प्रतिशतले वद्धि भई रु.४६५ अर्ब ९० करोड कायम भएको छ । २०८३ असोज मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ प्रतिशत रहेको छ ।

सञ्चिति पर्याप्तता सूचक

३२. आर्थिक वर्ष २०८३/८४ को तीन महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १९.९ महिनाको वस्तु आयात र १७.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०८३ असोज मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ६३ प्रतिशत, १४३.७ प्रतिशत र ४४.८ प्रतिशत रहेका छन् । २०८३ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ५९.१ प्रतिशत, १६३.४ प्रतिशत र ४३.८ प्रतिशत रहेका थिए ।

कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

३३. अन्तर्राष्ट्रिय बजारमा २०८२ असोज मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६१.०८ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८३ असोज मसान्तमा ९५.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ११९.३३ पुगेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८२ असोज मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर ४२६१.९५ रहेकोमा २०८३ असोज मसान्तमा १.७ प्रतिशतले कमी भई अमेरिकी डलर ४१८९.२० कायम भएको छ ।

विनिमय दर

३४. २०८३ असार मसान्तको तुलनामा २०८३ असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.४ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.३ प्रतिशतले अवमूल्यन भएको थियो । २०८३ असोज मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५१.६४ पुगेको छ । २०८३ असार मसान्तमा उक्त विनिमय दर रु.१५३.७२ रहेको थियो ।

सरकारी वित्त स्थिति

खर्च तथा राजस्व

३५. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा नेपाल सरकारको कुल खर्च रु.३९६ अर्ब २७ करोड रहेको छ । समीक्षा अवधिमा चालु खर्च रु.२९१ अर्ब ६६ करोड, पुँजीगत खर्च रु.२८ अर्ब ४२ करोड र वित्तीय व्यवस्था खर्च रु.७६ अर्ब १९ करोड रहेको छ ।

तालिका ३: सरकारी खर्च तथा राजस्व (तीन महिना)

विवरण	रकम (रु.अर्बमा)			प्रतिशत परिवर्तन	
	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८२/८३	२०८३/८४
कुल खर्च	**३२९.२०**	**३६४.५९**	**३९६.२७**	**१०.७**	**८.७**
चालु खर्च	*२२९.८५*	*२५६.८१*	*२९१.६६*	*११.७*	*१३.६*
पुँजीगत खर्च	*२९.३७*	*१९.१८*	*२८.४२*	*-३४.७*	*४८.२*
वित्तीय व्यवस्था	*६९.९७*	*८८.६०*	*७६.१९*	*२६.६*	*-१४.०*
राजस्व परिचालन	**२४८.२६**	**२४९.०५**	**२९८.६१**	**०.३**	**१९.९**
कर राजस्व	*२१९.६८*	*२३४.३३*	*२७९.३५*	*६.७*	*१९.२*
गैर-कर राजस्व	*२८.५८*	*१४.७२*	*१९.२७*	*-४८.५*	*३०.९*

स्रोत : महालेखा नियन्त्रक कार्यालय

३६. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.२९८ अर्ब ६१ करोड पुगेको छ । यस अन्तर्गत कर राजस्व रु.२७९ अर्ब ३५ करोड र गैर कर राजस्व रु.१९ अर्ब २७ करोड परिचालन भएको छ (तालिका ३) ।

सरकारी राजस्वको संरचना

३७. समीक्षा अवधिमा कुल राजस्वमा अप्रत्यक्ष करको अंश ७५.७ प्रतिशत, प्रत्यक्ष करको अंश १७.१ प्रतिशत, गैर-कर राजस्वको अंश ६.४ प्रतिशत र अन्य प्राप्तिको अंश ०.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा प्रत्यक्ष करको अंश घटेको छ भने अप्रत्यक्ष कर र गैर-कर राजस्वको अंश बढेको छ र अन्य प्राप्तिको अंश गत वर्षकै स्तरमा रहेको छ (चार्ट ४) ।

चार्ट ४: राजस्वको संरचना (तीन महिना)



स्रोत: राजस्व व्यवस्थापन विभाग

नेपाल सरकारको नगद मौज्दात

३८. २०८३ असोज मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.३५९ अर्ब ९० करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ। २०८३ असार मसान्तमा यस्तो मौज्दात रु.२७७ अर्ब ४६ करोड रहेको थियो।

प्रदेश सरकार

खर्च तथा राजस्व

३९. समीक्षा अवधिमा प्रदेश सरकारहरूको कुल खर्च रु.२० अर्ब ७४ करोड र स्रोत परिचालन रु.६० अर्ब १२ करोड रहेको छ। प्रदेश सरकारहरुको कुल स्रोत परिचालनमध्ये संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँट समेत) गरी रु.४४ अर्ब ३९ करोड रहेको छ र प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त राजस्व र अन्य प्राप्ति गरी रु.१३ अर्ब ८४ करोड रहेको छ।

मौद्रिक स्थिति

मुद्राप्रदाय

४०. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा विस्तृत मुद्राप्रदाय ३.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १३.७ प्रतिशतले बढेको छ।



४१. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.३०३ अर्ब ७९ करोड (७.७ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.२६४ अर्ब ३ करोड (९.९ प्रतिशत) ले बढेको थियो।

४२. समीक्षा अवधिमा सञ्चित मुद्रा ३०.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २.६ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा सञ्चित मुद्रा ३४.१ प्रतिशतले बढेको छ।

मौद्रिक क्षेत्रको आन्तरिक दाबी

४३. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा कुल आन्तरिक दाबी ०.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ०.५ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा यस्तो दाबी २.३ प्रतिशतले बढेको छ।

४४. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी १५.९ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ४.९ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा यस्तो दाबी ३३.८ प्रतिशतले घटेको छ।

४५. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ३.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १.५ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ८.४ प्रतिशतले बढेको छ।

निक्षेप परिचालन

४६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप २.८ प्रतिशत (रु.२३२ अर्ब ८९ करोड) ले वृद्धि भई रु.८५०९ अर्ब ८२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३.० प्रतिशत (रु.२१८ अर्ब ७२ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १३.७ प्रतिशतले बढेको छ।

तालिका ४: बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेपको अंश (प्रतिशतमा)

निक्षेप	असार मसान्त		असोज मसान्त	
	२०८२	२०८३	२०८२	२०८३
चल्ती	७.१	८.१	६.५	७.६
बचत	३६.८	४७.०	३८.७	४९.३
मुद्दती	४८.३	३५.३	४६.४	३४.०
अन्य	७.८	९.५	८.५	९.१

४७. २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ७.६ प्रतिशत, ४९.३ प्रतिशत र ३४.० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ६.५ प्रतिशत, ३८.७ प्रतिशत र ४६.४ प्रतिशत रहेको थियो (तालिका ४)।

४८. २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३२.५ प्रतिशत रहेको छ। २०८२ असोज मसान्तमा यस्तो निक्षेपको अंश ३५.३ प्रतिशत रहेको थियो।

कर्जा प्रवाह

४९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.१ प्रतिशत (रु.१८४ अर्ब १९ करोड) ले वृद्धि भई रु.६०४१ अर्ब २५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १.५ प्रतिशत (रु.८२ अर्ब ९३ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.३ प्रतिशतले बढेको छ।

चार्ट ६: निक्षेप तथा कर्जा वृद्धिदर (असोज)
(वार्षिक बिन्दुगत)



५०. २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.९ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ६२.८ प्रतिशत र ३७.२ प्रतिशत रहेको थियो।

५१. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा ३.२ प्रतिशत र विकास बैंकहरूको ३.१ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरूको १.२ प्रतिशतले घटेको छ।

५२. २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को सुरक्षणमा १५.५ प्रतिशत रहेको छ भने घरजग्गा धितो सुरक्षणमा ६२.७ प्रतिशत रहेको छ। २०८२ असोज मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमशः १५.० प्रतिशत र ६४.३ प्रतिशत रहेको थियो।

५३. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये खनिज क्षेत्रतर्फको कर्जा १७.८ प्रतिशत, यातायात उपकरण उत्पादन तथा मर्मत क्षेत्रतर्फको कर्जा १२.४ प्रतिशत, धातुजन्य उत्पादन, यन्त्र र विद्युतीय सामान उत्पादन तथा मर्मत क्षेत्रतर्फको कर्जा १०.७ प्रतिशत, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ५.४ प्रतिशत, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.९ प्रतिशत, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ३.९ प्रतिशत, यातायात, निर्माण क्षेत्रतर्फको कर्जा ३.८ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २.३ प्रतिशत र उपभोग्य

क्षेत्रतर्फको कर्जा २.३ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा २.५ प्रतिशत र वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा ०.७ प्रतिशतले घटेको छ ।

५४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये विपन्न वर्ग कर्जा १५.१ प्रतिशत, माग तथा अन्य चालु पुँजी कर्जा ५.२ प्रतिशत, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ३.५ प्रतिशत, ट्रष्ट रिसिट (आयात) कर्जा २.९ प्रतिशत, मार्जिन प्रकृतिको कर्जा २.९ प्रतिशत, आवधिक कर्जा २.६ प्रतिशत, अधिविकर्ष कर्जा १.५ प्रतिशत र हायर पर्चेज कर्जा १.२ प्रतिशतले बढेको छ भने क्यास क्रेडिट कर्जा १.८ प्रतिशतले घटेको छ ।

तरलता व्यवस्थापन

५५. समीक्षा अवधिमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.१००० अर्ब ३० करोड र स्थायी निक्षेप सुविधामार्फत रु.४५९४ अर्ब ९० करोड गरी कुल रु.५५९५ अर्ब २० करोड बराबरको तरलता प्रशोचन (कारोबारमा आधारित) भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक-पटक गरी रु.१३०७५ अर्ब ९५ करोड तरलता प्रशोचन गरिएको थियो । २०८३ असोज मसान्तमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.६६५ अर्ब ८० करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत रु.४०० अर्ब गरी कुल रु.१०६५ अर्ब ८० करोड प्रशोचन गरेको तरलता यस बैंकमा बक्यौता रहेको छ ।

५६. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब २५ करोड खुद खरिद गरी रु.३४४ अर्ब ९४ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ८६ करोड खुद खरिद गरी रु.२६२ अर्ब १४ करोड तरलता प्रवाह गरेको थियो ।

५७. समीक्षा अवधिमा अमेरिकी डलर ९२ करोड बिक्री गरी रु.१४१ अर्ब २७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब १२ करोड बिक्री गरी रु.१५८ अर्ब ७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

अन्तरबैंक कारोबार

५८. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा वाणिज्य बैंकहरूको रु.५४५ अर्ब ७५ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) को रु.३४ अर्ब १३ करोड गरी कुल रु.५७९ अर्ब ८८ करोडको अन्तरबैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूको रु.२४२ अर्ब ७९ करोड र अन्य वित्तीय संस्थाहरूको रु.५२ अर्ब ६४ करोड गरी कुल रु.२९५ अर्ब ४३ करोडको अन्तरबैंक कारोबार भएको थियो ।

ब्याजदर

५९. ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २०८२ असोज मसान्तमा १.९१ प्रतिशत रहेकोमा २०८३ असोज मसान्तमा १.०१ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २०८२ असोज मसान्तमा २.५८ प्रतिशत रहेकोमा २०८३ असोज मसान्तमा २.७५ प्रतिशत रहेको छ (तालिका ५) ।

६०. २०८३ असोज मसान्तमा वाणिज्य बैंकहरूको औसत आधार दर ४.६९ प्रतिशत, विकास बैंकहरूको ६.६५ प्रतिशत र वित्त कम्पनीहरूको ६.७४ प्रतिशत रहेको छ । २०८२ असोज मसान्तमा वाणिज्य बैंकहरूको औसत आधार दर ५.५६ प्रतिशत, विकास बैंकहरूको ७.९२ प्रतिशत र वित्त कम्पनीहरूको ८.४८ प्रतिशत रहेको थियो (तालिका ५) ।

६१. २०८३ असोज मसान्तमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.०७ प्रतिशत, विकास बैंकहरूको

तालिका ५ : भारित औसत ब्याजदर (प्रतिशत)

शीर्षक	२०८२ असोज	२०८३ असोज
९१-दिने ट्रेजरी बिल	१.९१	१.०१
अन्तरबैंक दर	२.५८	२.७५
औसत आधार दर		
वाणिज्य बैंक	५.५६	४.६९
विकास बैंक	७.९२	६.६५
वित्त कम्पनी	८.४८	६.७४
निक्षेपको ब्याजदर		
वाणिज्य बैंक	३.८५	३.०७
विकास बैंक	४.४५	३.४४
वित्त कम्पनी	५.६२	३.९७
कर्जाको ब्याजदर		
वाणिज्य बैंक	७.५०	६.३१
विकास बैंक	८.७७	७.५९
वित्त कम्पनी	१०.१८	८.३७

३.४४ प्रतिशत र वित्त कम्पनीहरूको ३.९७ प्रतिशत रहेको छ। २०८२ असोज मसान्तमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.८५ प्रतिशत, विकास बैंकहरूको ४.४५ प्रतिशत र वित्त कम्पनीहरूको ५.६२ प्रतिशत रहेको थियो। त्यसैगरी, २०८३ असोज मसान्तमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ६.३१ प्रतिशत, विकास बैंकहरूको ७.५९ प्रतिशत र वित्त कम्पनीहरूको ८.३७ प्रतिशत रहेको छ। २०८२ असोज मसान्तमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ७.५० प्रतिशत, विकास बैंकहरूको ८.७७ प्रतिशत र वित्त कम्पनीहरूको १०.१८ प्रतिशत रहेको थियो।

वित्तीय पहुँच

६२. २०८३ असोज मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५० लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०४ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्। २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त वित्तीय संस्थासमेत) को शाखा सङ्ख्या ११,३३२ रहेकोमा २०८३ असोज मसान्तमा ११,३०१ रहेको छ (तालिका ६)।

तालिका ६: बैंक तथा वित्तीय संस्थाको सङ्ख्या तथा शाखा सङ्ख्या*

बैंक तथा वित्तीय संस्था	बैंक तथा वित्तीय संस्थाको सङ्ख्या			बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या		
	२०८२ असार मसान्त	२०८३ असार मसान्त	२०८३ असोज मसान्त	२०८२ असार मसान्त	२०८३ असार मसान्त	२०८३ असोज मसान्त
वाणिज्य बैंक	२०	२०	२०	५०९९	४९४१	४९०६
विकास बैंक	१७	१७	१७	११३२	१११२	१११९
वित्त कम्पनी	१७	१६	१६	२९१	२९४	२९६
लघुवित्त वित्तीय संस्था	५२	५१	५०	५००४	४९८५	४९८८
पूर्वाधार विकास बैंक	१	१	१	-	-	-
जम्मा	**१०७**	**१०५**	**१०४**	**११,५२६**	**११,३३२**	**११,३०१**

*यससम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ।

६३. २०८३ असोज मसान्तमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप खाताहरूको सङ्ख्या ६ करोड ४३ लाख ७० हजार ९८ रहेको छ भने कर्जा खाताहरूको सङ्ख्या २० लाख ५१ हजार ७१० रहेको छ (तालिका ७)।

तालिका ७: बैंक तथा वित्तीय संस्थाको निक्षेप तथा कर्जा खाता सङ्ख्या

बैंक तथा वित्तीय संस्था	निक्षेप खाता सङ्ख्या		कर्जा खाता सङ्ख्या	
	२०८२ असोज मसान्त	२०८३ असोज मसान्त	२०८२ असोज मसान्त	२०८३ असोज मसान्त
वाणिज्य बैंक	५,२०,६०,५५८	५,५३,०५,४३१	१६,६१,८४४	१७,३३,९९८
विकास बैंक	७६,००,२५३	७९,६६,८५४	२,६७,५२७	२,६०,८४६
वित्त कम्पनी	१०,३१,१४५	१०,९७,८१३	६९,१२०	५६,८६६
जम्मा	**६,०६,९१,९५६**	**६,४३,७०,०९८**	**१९,९८,४९१**	**२०,५१,७१०**

वित्तीय सबलता सूचक

६४. २०८३ असोज मसान्तको प्रारम्भिक तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थाको औसत प्राथमिक पुँजी र पुँजीकोषको जोखिम भारित सम्पत्तिसँगको अनुपात क्रमशः ९.५६ प्रतिशत र १२.३१ प्रतिशत रहेको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूको खुद तरल सम्पत्ति तथा निक्षेपको अनुपात ३६.८७ प्रतिशत रहेको छ। २०८३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जा अनुपात ५.८२ प्रतिशत रहेको छ।

विद्युतीय कारोबार

६५. २०८३ असोज महिनामा डेबिट कार्ड प्रयोगकर्ताहरूले ९८ लाख ६५ हजार कारोबारमार्फत रु.८३ अर्ब ७३ करोड बराबरको कारोबार गरेका छन्। त्यसैगरी, मोबाइल बैंकिङअन्तर्गत ६ करोड ५९ लाख ६७ हजार कारोबारमार्फत रु.६०२ अर्ब १० करोडको कारोबार भएको छ। साथै, क्यु-आर कोड भुक्तानीअन्तर्गत ७ करोड ८१ लाख ४५ हजार कारोबारमार्फत रु.२०७ अर्ब ५४ करोडको कारोबार भएको छ।

पुँजी बजार

६६. २०८२ असोज मसान्तमा २४८७.१८ रहेको नेप्से सूचकाङ्क २०८३ असोज मसान्तमा २६३४.१७ कायम भएको छ।



६७. २०८३ असोज मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४५३४ अर्ब ३५ करोड कायम भएको छ। २०८२ असोज मसान्तमा बजार पुँजीकरण रु.४१५७ अर्ब ९० करोड रहेको थियो। २०८२ असोज मसान्तमा बजार पुँजीकरण कुल गार्हस्थ्य उत्पादनको ६८.७० प्रतिशत रहेकोमा २०८३ असोज मसान्तमा ६७.०६ प्रतिशत रहेको छ।

६८. २०८३ असोज मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या ३०५ पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये १३२ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ११२ जलविद्युत् कम्पनी, ३१ उत्पादन तथा प्रशोधन उद्योग, ९ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र १० अन्य समूहका रहेका छन्। २०८२ असोजमा सूचीकृत कम्पनीहरूको संख्या २७६ रहेको थियो।

६९. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५२.६ प्रतिशत रहेको छ। त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १७.५ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ८.६ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.६ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ३.९ प्रतिशत, होटेलको हिस्सा ३.० प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ७.७ प्रतिशत रहेको छ।

७०. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८३ असोज मसान्तमा सूचीकृत ९ अर्ब ६१ करोड शेयरको चुक्ता मूल्य रु.९५४ अर्ब ६० करोड रहेको छ।

७१. आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा रु.१३ अर्ब ४९ करोड बराबरको साधारण सेयर, रु.१ अर्ब ८२ करोड बराबरको बोनस सेयर, रु.२३ करोड बराबरको हकप्रद सेयर र रु.८२ करोड बराबरको अन्य (मर्जरपश्चात्) गरी कुल रु.१६ अर्ब ३६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन्।

७२. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.८ अर्ब ८ करोड बराबरको म्युचुअल फण्ड, रु.७ अर्ब ४६ करोड बराबरको हकप्रद सेयर, रु.१ अर्ब २० करोड बराबरको डिबेन्चर र रु.८८ करोड बराबरको साधारण सेयर गरी कुल रु.१७ अर्ब ६२ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ।

नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-५७१९६४१
वेबसाइट: www.nrb.org.np
इमेल: govfin@nrb.org.np